बैठक संख्याः १३।०७८

मिति २०७८।०८।१५ गते

<u>निर्णयहरूः</u>

१. कोभिड-१९ को ओमिक्रोन भेरियन्ट संक्रमणको जोखिम छिमेकी मित्रराष्ट्र लगायत विश्वका विभिन्न मुलुकहरूमा बढिरहेको सन्दर्भमा नेपालमा समेत उक्त भेरियन्ट निकट भविष्यमै फैलिन सक्ने जोखिम मध्यनजर गरी सामाजिक विकास मन्त्रालयले आम जनमानसमा स्वास्थ्य सतर्कता बढाउन एवं सो को रोकथाम, नियन्त्रण र उपचारलाई थप व्यवस्थित गर्न आवश्यक तैयारी गर्ने । यसका लागि आवश्यकता अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालय र अन्य सम्वद्ध निकायहरूसँग समन्वय एवं सहकार्य गर्ने । कोभिड-१९ व्यवस्थापनका सम्बन्धमा यस अघि प्रदेश सरकार(मन्त्रिपरिषद्) तथा सचिव बैठकबाट भएका निर्णय कार्यान्वयनको अवस्थाको साथै कोभिड १९ संक्रमणको जोखिम र सो को संक्रमण रोकथाम, नियन्त्रण र उपचार व्यवस्था अद्यावधिक विवरण आगामी सचिव बैठकमा प्रस्तुत गर्ने ।

२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम प्रत्येक तीन महिनामा सार्वजनिक गर्नुपर्ने विवरण हालसम्म सार्वजनिक गर्न बाँकी रहेका मन्त्रालय/निकायहरूले ७ (सात) दिन भित्र आ-आफ्नो वेभसाइटमा प्रकाशन गर्ने ।

३. भौतिक पूर्वाधार विकास मन्त्रालयले यस अघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरेको प्रादेशिक सडक सञ्जाल गुरु योजना सुधार/परिमार्जन गरी पुनः पेश गर्न फिर्ता पठाइएकोमा सो हालसम्म पेश भएको नपाइएकोले आवश्यक सुधार/परिमार्जन गरी पुनः पेश गर्ने । साथै, प्रदेश नं. १ मा यातायात सेवालाई छरितो र नागरिकमैत्री बनाउने सन्दर्भमा आवश्यक सुधारका कार्य अघि बढाउन यस अघि प्रदेश सरकार (मन्त्रिपरिषद्) र सचिव बैठकबाट भएका निर्णयको कार्यान्वयन अवस्था आगामी सचिव बैठकमा प्रस्तुत गर्ने ।

४. प्रदेशमा समग्र वातावरण र पूर्वाधार विकास बीच सकारात्मक अन्तरसम्बन्ध कायम गर्न पूर्वाधार विकास र प्राकृतिक स्रोत व्यवस्थापन एवं वातावरण संरक्षणसँग सम्बन्धित प्रदेश कार्यालयहरूका साथै पूर्वाधार विकाससँग सम्बन्धित नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम र नेपाल खानेपानी संस्थान जस्ता अन्य निकायहरू बीच एक महिना भित्र छलफल अन्तरक्रिया आयोजना गर्ने । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सो कार्यको अगुवाई एवं समन्वय गर्ने ।

५. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८(२) बमोजिम आर्थिक नियन्त्रण प्रणालीको व्यवस्था एवं उक्त ऐनको दफा २९ बमोजिम आन्तरिक नियन्त्रण समिति गठन गरी कार्यान्वयनमा ल्याउन बाँकी सबै प्रदेश मन्त्रालय/निकायहरूले अविलम्ब उक्त कानुनी व्यवस्था कार्यान्वयन गर्ने/गराउने । प्रदेश सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन एवं नियमावली तर्जुमा भइनसकेको अवस्थामा संघीय कानुनको पालना एवं कार्यान्वयन गर्नुपर्ने भएकोले सबै मन्त्रालय/आयोग/निकायका सचिवले त्यसतर्फ ध्यान पुऱ्याउने ।

६. सबै मन्त्रालय/आयोग/प्रदेशस्तरका निकायहरूले आर्थिक वर्ष २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रमको प्रथम चौमासिक समीक्षा यथाशिघ्र सम्पन्न गरी प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकका लागि आवश्यक तयारी गर्ने ।

७. प्रदेश सरकारको तर्फबाट माननीय मुख्यमन्त्रीज्यूले प्रदेश सभामा प्रस्तुत गर्नुपर्ने आर्थिक वर्ष २०७७।०७८ को वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विषय सबै मन्त्रालय/आयोग/निकायहरूबाट यथाशिघ्र प्राप्त गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १५(पन्ध्र) दिनभित्र एकीकृत प्रतिवेदन तयार गर्ने।